# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, असार ६ गते २०४० साल ( संख्या १०


श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

#### सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिम चारकिल्ला भएको साबिक शिवपुरी जलाधार क्षेत्र विकास परियोजनाको नाम "शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष" कायम गरिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

चारकिल्ला

पूर्वः– मणिचूर लेकबाट हेंबुङ जाने बाटो भई काठमाडौं, नुवाकोट तथा सिन्धुपाल्चोक जिल्लाको साँध चिपु डाँडा ।

पश्चिमः– नुवाकोट जिल्लाको नेउपाने गाउँको छेउ भएर ककनी कृषि फार्मको सिमाना हुँदै खानीखोला त्रिशूली जाने मोटर बाटो हुँदै पाँचमाने ।

दक्षिणः– पाँचमाने, धल्केछाप, अल्ले देवी स्थान हुँदै कटेरी आवादी छेउ हुँदै लामिछाने गाउँको छेउ, सांगलाको सिरान हुँदै झोर गाउँ र वृक्षारोपण क्षेत्रको फेन्सिङ्ग हुँदै चण्डेश्वरी, टोखा हुँदै फेदी गाउँ, तोलुङ गाउँ छेउ गोकर्ण गा. पं. वार्ड नं. २ तारेभीरमा बनेको सडक मुनि हुँदै सुन्दरिजल र महाङ्काल, गागलफेदी आवादीको छेउ हुँदै मणिचूर हर्बल फर्मको सिमाना ।

उत्तरः– नेउपाने गाउँको सिरान हुँदै खरी भन्ज्याङ्ग गुरुङ गाउँ सिरान, गुर्जे, अखौले, सिक्रेटार गाउँ हुँदै भोर्लाङ्ग डाँडा हुँदै हेंबुङ जाने बाटो ।

आज्ञाले,
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३६।१२।२७ को निर्णयानुसार वन ऐन, २०१८ को दफा २५ को अधिकार प्रयोग गरी वाग्मती अञ्चल, काभ्रेपलान्चोक जिल्ला अन्तर्गत उग्रतारा गाउँ पञ्चायत वडा नं. ८ मेलटार डाँडामा हंसदा आश्रम निर्माण स्थलको चारैतिर बढीमा एक हजार रोपनी जग्गा (नापी भै सकेको नंबरी भोग-चलनको आवादी जग्गा बाहेक) देहायको शर्तमा उक्त आश्रमलाई पच्चीस वर्षका लागि लिजमा भोगचलन गर्न दिने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. उक्त हंसदा आश्रमलाई लिजमा भोगचलन गर्न दिएको वनक्षेत्रको जग्गाको स्वामित्व श्री ५ को सरकारमा रहनेछ ।

२. उक्त हंसदा आश्रमलाई दिइने जग्गाको सिमाँकन उक्त आश्रमको मानिस राखी वन विभागले गर्ने र यसको निमित्त लाग्ने खर्च हंसदा आश्रमले व्यहोर्नेछ ।

३. उक्त जग्गामा हंसदा आश्रमले कुनै पनि विकास निर्माणको कार्य गर्नु परेमा सो गर्न सर्वप्रथम गुरुयोजना पेश गरी वन विभागको स्वीकृति लिनु पर्नेछ ।

४. उक्त जग्गामा रहेको रूख काट्नु परेमा वन विभागको स्वीकृति लिनु पर्नेछ र रूख काटी आएको लकडी वन विभागले नियमानुसार बिक्री वितरण गर्नेछ ।

५. उक्त जग्गा भोगचलन गर्दा यथाशक्य कम रूखहरू मात्र काट्ने र त्यहाँको प्राकृतिक वातावरण खलबलाउन नपाउने र भू तथा जल संरक्षण गर्नु पर्नेछ ।

६. उक्त क्षेत्रमा बढी से बढी बृक्षारोपण गर्नु पर्नेछ ।

७. उपरोक्त शर्तहरू उल्लङ्घन गरेमा श्री ५ को सरकारले लिजमा भोगचलन गर्न दिएको जग्गा खाली गराउन सक्नेछ ।

आज्ञाले,
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।